पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४० प्रमाणित मिति: २०७७ भाद्र १८ गते

## भाग २

**पोखरा महानगरपालिका**

## नगर कार्यपालिका ४१ औं बैठकका भवन निर्माण तथा नियमित गर्ने विषय संग सम्बन्धित सुचना सार्वजनिक जानकारीको लागि प्रकाशित गरिएको विभिन्न निर्णयहरु

१. **निर्णय नं ९ः** प्रस्ताव नं. ८ माथि छलफल हुंदा भवन निर्मित तथा अभिलेखिकरण सम्बन्धी कार्यबिधी, २०७६ बमोजिम छ महिना अवधिको लागि मिति २०७६।१०।१० गते स्थानीय राजपत्रमा प्रकाशन भएकोमा सोही अवधिमा कोभिड -१९ को कारण देशभर नै लकडाउन भै नागरिकहरु सेवा लिन असमर्थ भएकाले तथा अवधि थप्न माग भै आएकोले नक्शा अभिलेखिकरणको अवधि २०७७ श्राबण १ देखि पुनः छ महिना म्याद थप गर्ने निर्णय गरियो ।

२. **निर्णय नं १०ः** प्रस्ताव नं. ९ माथि छलफल गर्दा महानगरपालिकाबाट नक्शा स्वीकृत भएका भवनहरुको घर बनाउनु पर्ने अवधि २ बर्ष तथा म्याद थप पाउने अवधि अर्को २ बर्ष गरी ४ वर्ष म्याद रहनेमा, सो ४ बर्षे म्याद लकडाउन भएको अवधिमा समाप्त भएका सेवाग्राहीहरुको स्वीकृत नक्शा निर्माणको पूर्ण म्याद २०७७ श्राबण १ देखि ६ महिना म्याद थप गर्ने निर्णय गरियो ।

३. **निर्णय नं. ५२ः** महानगरपालिकाले मिति २०७६/०७७ को छैंठौं नगर सभाको निर्णयबाट महानगरका केहि सडकहरुका क्षेत्रमा घर बनाउंदा भुमीगत पार्किङ्ग अनिवार्य गर्ने गरी भएको व्यवस्थालाई परिमार्जन गरी निम्न सडकहरुमा घर बनाउंदा मोहोडा २० हात भन्दा कम वा क्षेत्रफल आधा रोपनी भन्दा कम भएका जग्गामा घरहरु निर्माण गर्नुपर्दा भुमिगत पार्किङ अनिवार्य नगर्ने निर्णय गरियो ।

क. तालचोक- बिजयपुर -अमरसिंह चोक- पृथ्वीचोक -जिरो कि.मी. हुंदै हल्लन चोक सडक ।

ख. पृथ्वीचोक -मुस्ताङ्गचोक- बिरौटा हूंदै छोरेपाटन ।

ग. पृथ्वीचोक -नयांबजार- महेन्द्रपुल -पालिखेचोक -नदीपुर -के.आई.सिंह पुल- लामाचौर -बाटुलेचौर -महेन्द्र गुफा ।

घ. न्यूरोड सडक ।

ङ. लेकसाईड -खहरे- हल्लनचोक -बाराही चोक- सहिदचोक हुंदै मुस्ताङ्ग चोक सम्म ।

च. बिरौटा चोक- राष्ट्रबैंक चोक- रत्न चोक- सिर्जनाचोक -सिद्धार्थ चोक-बगर ट्यांक्सीचोक ।

छ. जिरो कि.मि. देखि हरिचोक हुंदै हेम्जा सुईंखेत सम्म ।

ज. महेन्द्रपुल -रानीपौवा- हस्पिटल चोक हुंदै अमरसिंह चोक ।

झ. गौरीमार्ग- हस्पिटल चोक -बुद्धचोक हुंदै रामबजार सम्म ।

ञ. घलेचोकबाट वन क्याम्पस सम्मको सडक ।

ट. रानीपौवा देखि भद्रकाली हुंदै आर्वा साझाचोकसम्म ।

ठ. तालचोक- बेगनास सडक सम्म ।

ड. वि. पि.मार्ग(भद्रकाली चोक मियापाटन चोक हुंदै विजयपुर सम्म ।

ढ. अमरसिंहचोक देखि बिरेन्द्रचोक हुंदै कालिका क्याम्पसचोक सम्म ।

ण. साबिक पोखरा उप महानगरपालिका अन्तरगतका ३० फुट वा सो भन्दा बढी मापदण्ड भएका सबै सडकहरु ।

**मिति : २०७७ भाद्र ०८ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**